Clim Adapt

मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना
(REF: CLIM ADAPT/EOI/FY 2083/084/02)
प्रकाशित मिति : २०८३/०८/०८

क्लाइम अडयाप्ट (Clim Adapt) को परिचय
Clim Adapt नेपालमा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम तथा संकटासन्नटा न्यूनीकरण गर्दै जोखिममा रहेका तथा सीमान्तकृत समुदायको नेतृत्वमा स्थानीय अनुकूलन (Locally Led Adaptation) प्रवर्द्धन गर्न समर्पित एक राष्ट्रिय गैरनाफामूलक संस्था हो। अनुसन्धान, प्रमाणमा आधारित दृष्टिकोण तथा समावेशी सहभागितामार्फत हामी व्यक्ति, संस्थागत संरचना तथा पारिस्थितिक प्रणालीको उत्थानशीलता सुदृढ गर्न कार्यरत छौँ। साथै, स्थानीय, प्रदेश, संघीय तथा अन्तर्राष्ट्रिय तहका नीति निर्माता तथा सरोकारवालाहरूलाई आवश्यक ज्ञान, प्रमाण र प्राविधिक सहयोग उपलब्ध गराउँदै आएका छौँ।
हामी स्थानीय, आदिवासी तथा वैज्ञानिक ज्ञानलाई नीति तथा व्यवहारसँग जोड्दै दिगो र जलवायु उत्थानशील विकासमा योगदान पुऱ्याउने व्यावहारिक तथा प्रकृतिमा आधारित समाधानहरू विकास गर्दछौँ।

हाम्रा कार्यक्रम तथा गतिविधिहरू जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण, समुदायको उत्थानशीलता अभिवृद्धि, पारिस्थितिक प्रणालीको पुनर्स्थापना तथा समावेशी शासन प्रणालीको प्रवर्द्धनमार्फत रूपान्तरणकारी परिवर्तन हासिल गर्न केन्द्रित छन्। विभिन्न साझेदार तथा सरोकारवालाहरूसँगको सहकार्यमा हामीले स्थानीय नेतृत्वमा आधारित जलवायु अनुकूलन तथा न्यूनीकरणका पहलहरू तर्जुमा र कार्यान्वयन गर्ने, अनुसन्धान तथा प्रमाणमा आधारित ज्ञान उत्पादन गर्ने र त्यसलाई नीति तथा व्यवहारमा रूपान्तरण गर्ने क्षेत्रमा उल्लेखनीय अनुभव हासिल गरेका छौँ।

हामी विशेषगरी जोखिममा रहेका तथा संवेदनशील समुदायको उत्थानशीलता अभिवृद्धि गर्दै प्राकृतिक स्रोत तथा पारिस्थितिक प्रणालीको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्ने समावेशी, सहभागितामूलक तथा स्थानीय आवश्यकतामा आधारित दृष्टिकोणलाई प्राथमिकता दिन्छौँ।

यस संस्था अन्तरगत ICIMOD को साझेदारीमा संचालित PROAACT परियोजनाका लागि सन् २०२६ र २०२७ का लागी आवश्यक पर्ने तपशिल बमोजिमका वस्तु तथा सेवाहरुको आपुर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्थाबाट मौजुदा सूची (Standing list) दर्ता गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आफुले उपलब्ध गराउने वस्तु तथा /सेवा कार्यहरू अनुसार अलग अलग सूची फारम भरी साथै उल्लेखित कागजातहरू संगै आपूर्तिकर्ता आचारसंहितामा छाप र हस्ताक्षर गरी मौजुदा सूची (Standing list) दर्ता गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

1. विभिन्न प्रकारका कृषिजन्य विउविजनहरू र कृषि उपकरणहरू
2. सिँचाइ उपकरण आपूर्तिकर्ता
3. निर्माण सामग्री आपूर्तिकर्ता
4. □□□□□□□□□□□ □□□ □□□□□□□ □□□□□ □□□□□□□ □□□□□□
5. सवारी साधन तथा ढुवानि सम्बन्धीका कार्यहरू

6. व्यक्तिगत परामर्शदाता (कृषी प्राबीधीक, सीभील इन्जिनीयर)

<u>निवेदन साथ पेश गनु पर्ने कागजातहरू</u>

- निवेदन
- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी
- नविकरण भएका प्रमाणपत्रको प्रतिलिपी
- स्थाई लेखा नम्बर प्यान वा मुल्य अभिवृद्धिकर भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी
- आ.व.२०८२/०८३ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- प्रोप्राईटरको नागरिकताको प्रमाण पत्र
- कालो सूचीमा नपरेको स्वा घोषणा पत्र
- व्यक्तिगत परामर्शदाताको हकमा निवेदन, नागरिकता प्रमाणपत्र, मान्यता प्राप्त शिक्षण संस्थाको शैक्षिक प्रमाणपत्रहरु, व्यक्तिगत बायोडाटा र सम्बन्धीत कामको अनुभव खुल्ने डकुमेन्टहरु ।
- विभिन्न व्यक्ती, संघ संस्था तथा सार्वजनिक निकायहरू सँग गरेको कार्यअनुभव तथा यो सुचनामा उल्लेख भए बाहेक थप केही सम्बन्धित प्रमाणपत्र भए सोको पनि प्रतिलिपी संलग्न गर्न सकिने छ ।

<u>अन्य थप जानकारी:</u>

- सूचिकृत हुन निवेदन दिनेहरू मध्येबाट योग्य ठहरिएमा फर्म तथा कम्पनीहरूलाई मात्र सूचिकृत गरिने छ र सूचिकृत हुन आएको विवरण क्षमता, दक्षतालाई आधार मानी गरिने छ ।
- सूचिकृत भएको विक्रेता, फर्म तथा कम्पनीहरूबाट मात्र यस संस्थाको आवश्यकता अनुसारको सामाग्रीहरू खरिद गर्न तथा सेवा प्राप्त गर्न शिलबन्द कोटेशन माग गरिने छ ।
- यस सम्बन्धि थप जानकारी आवश्यक परेमा यस संस्थाको फोन नं. ०१-५४०६५०६ मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

<u>दर्ता प्रक्रिया:</u>

इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरूले "सूचीकृत दर्ता" फारम र आपूर्तिकर्ता आचारसंहिता CLIM ADAPT, ललितपुरको कार्यालय, वेबसाइट वा तलको लिंक बाट प्राप्त गर्न सकिनेछ ।

VENDOR REGISTRATION- Form

आवेदन पेश गर्ने प्रक्रिया (Submission Instructions)

इच्छुक फर्म/कम्पनीहरूले विक्रेता दर्ता (Vendor Registration) फाराम Clim Adapt को कार्यालयबाट प्राप्त गर्न वा संस्थाको वेबसाइट clim-adapt.org बाट डाउनलोड गर्न सक्नेछन्।

पूर्ण रूपमा भरिएको आवेदन फाराम आवश्यक कागजातहरूसहित २०८३ साल मंसीर १४ गते (३० नभेम्बर २०२६) अपराह्न ५:०० बजेभित्र निम्न माध्यमबाट पेश गर्नुपर्नेछ।

आवेदन पेश गर्ने माध्यम:

- परियोजना कार्यालय (Project Office), ज्वागल रियो मार्ग–१०, ललितपुर।
- इमेल: finance@clim-adapt.org
- वेबसाइट: www.clim-adapt.org

नोट: Clim Adapt ले कुनै पनि आवेदन स्वीकार वा अस्वीकार गर्ने पूर्ण अधिकार सुरक्षित राख्दछ। आवेदन अस्वीकार गर्नुको कारण खुलाउन संस्था बाध्य हुने छैन। छनोटमा परेका विक्रेता/आवेदकहरूलाई मात्र जानकारी गराइनेछ।